हरेक खबर, विशेष खबर

जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७

राष्ट्रिय दैनिक

# लहानपोस्ट

LAHANPOST DAILY






वर्ष : ०२ अंक : १४ पृष्ठ : ४ २०७८ भदौ १६ गते बुधबार (Wednesday 01 Sep. 2021) www.lahanpost.com मूल्य रु. ५।-

FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost


## बलान पुल कहिले सञ्चालनमा आउँला?




**सिरहा :** हुलाकी सडकअन्तर्गतको सिरहा( सप्तरी जोड्ने बलान नदीमा पुल निर्माण कार्य सम्पन्न भएपनि सञ्चालनमा अझै आउन सकेको छैन । पुल सञ्चालनमा नआउँदा स्थानीय वासीलाई आवतजावतमा कठिनाई भएको छ । सिरहा( सप्तरी वारिपारी गर्न दक्षिणी भेगका स्थानीय लामो दुरीको यात्रा गर्न बाध्य छन् ।

निर्माण सकेको दुई महिनाभन्दा बढी बित्दा पनि हस्तान्तरण र उद्घाटन भएको छैन । निर्माण कम्पनीले पुलको वारिपट्टि पाईप कल्भटको व्याकफिलिङ पनि अधुरो छोडेको छ । त्यही कारणले सवारी साधन आवागमन भइरहेको छैन् ।

सरकार र ठेकेदार पक्षको ढिला सुस्तीले बनेको पुलबाट सहज रूपमा आवतजावत गर्न नसकिएको भगवानपुर गाउँपालिका २ नहराका रविलाल पासमानले सुनाए । पुल बनेको छ तर सडक तथा पाईप कल्भटको काम अधुरै छ,'उनले भने, 'पुल सञ्चालनमा ल्याइदिए हामी दक्षिणी भेगका नागरिकलाई सप्तरी(सिरहा वारिपारी गर्न सजिलो हुने थियो।'

भगवानपुर, नवराजपुर गाउँपालिकाबाट राजविराज हुलाकी सडकबाट २७किलो मिटर दुरी पर्दछ । तर, पुल सञ्चालनमा नआएकोले त्यहाँका नागरिकलाई पूर्व(पश्चिम राजमार्ग हुँदै ५५ किलो मिटर दुरी यात्रा गर्नुपरेको छ । यस्तै समय र खर्च पनि बढी लाग्ने गरेको छ।


बाँकी ३ पेजमा


## सिरहाका स्थानीय तहको बेरुजु सवा अर्ब, ३१ करोडभन्दा बढी पेस्की

**लहान ।** सिरहाका आठ नगरपालिका र नौ गाउँपालिका गरी १७ स्थानीय तहहरुको करिब सवा अर्ब रूपैयाँ बेरूजु र ३१ करोड रूपैयाँभन्दा बढी पेस्की रकम रहेको महालेखा परीक्षकको प्रतिवेदनले औंल्याएको छ । आर्थिक वर्ष ०७५/७६ को लेखापरीक्षणको ५८औं प्रतिवेदनअनुसार एक अर्ब २० करोड ३७ लाख ४६ हजार रूपैयाँ बेरूजु र ३१ करोड १५ लाख दुई हजार रूपैयाँ पेस्की रकम रहेको छ ।

प्रतिवेदनमा स्थानीय तहबाट विभिन्न शीर्षकमा निकासा गरिएकोमध्ये ११ करोड ५४ लाख एक हजार रूपैयाँ असुलउपर गर्नुपर्ने, ३० करोड ४२ लाख ६० हजार रूपैयाँ नियमित गरिनुपर्ने तथा कागजात र प्रमाण नपुगी भुक्तानी दिइएको रकम चार करोड ७२ लाख ५१ हजार रूपैयाँ रहेको उल्लेख छ । जिल्ला सदरमुकामसमेत रहेको सिरहा नगरपालिकाको सबैभन्दा बढी बेरूजु २२ करोड २७ लाख ४४ हजार र पेस्की १४ करोड २० लाख ३३ हजार रूपैयाँ छ । सिरहा नगरले १७ लाख ८४ हजार असुल गर्नुपर्ने, तीन करोड १४ लाख ४२ हजार नियमित गर्नुपर्ने र चार करोड ७४ लाख ८५ हजार रूपैयाँको प्रमाण कागजात पेस गर्नुपर्ने प्रतिवेदनमा औंल्याइएको छ ।

प्रमुखलाई आवास र


बाँकी ४ पेजमा






## यातायात मजदुरको आन्दोलनमा स्थानीय राजनीतिक दलको समर्थन




**लहान ।** गत बुधबार लहान बजारको रात्री तथा दिवासेवा बस काउण्टरबाट सरसमान स्थानीय ट्रूफिक र नगर प्रहरीले जर्वजस्ती


प्रेस विज्ञप्ती

१ सगरमाथा बस व्यवसायी प्रा.लि. अध्यक्ष - श्री हरिनारायण यादव

२ नेपाली कांग्रेस क्षेत्रीय सभापति - श्री अब्दुल मिलन खान चौधरी

३ नेपाली कांग्रेस नगर सभापति - श्री सुनिल कुमार महतो

४ ने.क.पा. समाजवादी - श्री सत्यनारायण यादव

५ ने.क.पा. माओवादी केन्द्र नगर सभापति - श्री विजय कुमार गुप्ता

६ ज.स.पा. नगर सभापति - श्री दिनेश महतो

७ नेपाली कांग्रेस पूर्व नगर सभापति - श्री महेश चौधरी

८ यातायात क्षेत्रका मजदुरहरूको संघर्ष समिति संयोजक - श्री शम्भु चौधरी

उठाएर लगेका थिए । त्यही विषयमा प्रहरीले ज्यादती गरेको बन्दै यातायात मजदुर आन्दोलित भएको छ ।

प्रहरीको ज्यादती विरूद्ध उनीहरू प्रदर्शन गरे । पत्रकार सम्मेलन गरी सम्पूर्ण घटना, माग र अप्ठायारो बारेमा जानकारी पनि गराएका छन् । त्यही


बाँकी ४ पेजमा


## लहान क्यान्सर केयर सेन्टरले प्राप्त गरे १ करोड १६ लाख सहयोग, स्वास्थ्य उपकरण खरिद गरिने



**लहान ।** स्वास्थ्य उपकरण खरिदका लागि लहान क्यान्सर केयर सेन्टरले १ करोड १६ लाख ५४ हजार ८८१ रूपैयाँ सहयोग प्राप्त गरेको छ । उक्त रूपैयाँ लायन्स कल्ब इन्टरनेशनलले गरेको हो ।

शनिबार लायन्स कल्ब अफ लहान सिटी मार्फत कल्बका पदाधिकारीहरूले क्यान्सर केयर सेन्टरका अध्यक्ष अशोकलाल अमात्यलाई चेक हस्तान्तरण गरेको छ ।

'हामीहरूको १ करोड ५२ लाख सहयोग गर्ने कार्यक्रम रहेको छ । त्यसमध्ये १ करोड १६ लाख ५४ हजारको चेक


बाँकी ४ पेजमा

# पब्जी र फ्रिफायरविरुद्ध सांसदको ब्याटल

यस साता संसदको त्यो दृश्य एकाएक भाइरल भयो, जसमा प्रतिनिधिसभाको शून्य समयमा एमाले सांसद आशाकुमारी विकले 'पब्जी र फ्रिफायरजस्ता अनलाइन गेमको लतका कारण बालबालिकामा डराउने, झस्कने, जिद्दीपनाजस्ता स्वभाव देखिएको र त्यसबाट पछि गएर मानसिक अस्पतालको अभाव हुने भन्दै 'त्यस्ता गेमहरु तत्काल बन्द गर्न' जोडदार माग राखिन् ।

संसारको सबैभन्दा वैज्ञानिक र गतिशील मार्क्सवादी विचार बोकेको भनिएको पार्टीको एक महिला विधायकको यो परिवर्तन प्रतिरोधी विचार मूलतः अभिभावक तथा शिक्षक-शिक्षिकाहरुले धेरै मन पराएको, शेयर गरेको र लबिङसमेत गरेको पाइयो भने केही प्राग्रेसिभ शिक्षाकर्मी तथा नयाँ पुस्ताका अत्याधुनिक युवाहरुमा भने सांसद आशाको विचारले निराशा फैलाएको स्पष्ट देख्न सकिन्छ । तसर्थ, सत्य र सम्भावनाको कसीमा यो विचारलाई केलाउन जरुरी देखियो ।

हामी शिक्षाकर्मीहरु र अभिभावकहरु मात्र हैन, नीति तथा पाठ्यक्रम निर्माताहरु, विज्ञ एवं विशेषज्ञहरु, पाठ्यवस्तु तथा पाठ्यपुस्तक सर्जकहरु सबै करिब साठी वा सत्तरीको दशकदेखि नब्बेको दशकसम्ममा जन्मिएकाहरु हौं । मोटर गाडी, बिजुलीबत्ती, टेलिफोन, रेडियो, टीभी आदिको आविष्कार हुँदै गर्दा र त्यस्ता आविष्कार भर्खरभर्खर देशमा भित्रिएर त्यसलाई पहिलोचोटि देखेर अचम्मित हुने सौभाग्य पाएको यो पुस्ताको बाल्यकाल र हुर्काई प्रविधिसँगको खासै साक्षात्कारबिना बितेको थियो । टोले मौखिक समाचार स्रोतहरुबाट शीतयुद्धकालीन अमेरिका र सोभियत संघको प्रतिस्पर्धाका कथाहरु सुनेको र चन्द्रमामा निल आर्मस्ट्रोङले पाइला टेकेको जस्ता समाचार वैज्ञानिक किंवदन्तीका रुपमा सुनेको यो पुस्ताका लागि विद्यार्थी जीवनमा पेन्सिल, कम्पास, डटपेन, फ्रेम कलम, फोल्टिन कलम, चक्की मसी, फिट मसी, जनक शिक्षाका नयाँ किताब, कापी, झोला आदि समेत लक्जरी आइटम थिए भने खाजामा ग्लुकोज बिस्कुट, थिनआरारुट बिस्कुट, तरकारी चिउरा, पिप्लामेट आदि मिष्टान्न भोजन थिए । अनि चाउचाउ त अत्याधुनिक परिकार नै थियो । दसैंमा नयाँ लुगा, चाडपर्वमा मासु भात, हात्तीछापे चप्पल, पायल/हवाई चप्पल आदि पाउनुसमेत सौभाग्य थियो भने रेडिमेड कपडा, जुत्ता, भकुण्डो आदि त सपना थिए । डण्डिबियो, पैडी, खर्लुट्टे, कबड्डी, गुच्चा, भुत्रो मोजाका बल, गोबरे बन्दुक आदि खेलेर विकास भएको यो पुस्ताले हरेक नयाँ चीजको माग गर्दा वा चलाउँदा वा बिगार्दा कि त गाली खायो, कि त राम धुलाइ नै भेट्यो ।

कपाली तमसुक र निवेदन लेख्न सक्ने मान्छेलाई उच्चतम शिक्षितको रुपमा चिनेको पुस्ताले दिएको साँघुरो संस्कारमा हुर्केको यो पुस्ताले रेडियो सुन्दा, क्यासेट बजाउँदा, चलचित्रका गीत सुन्दा र गुनगुनाउँदा, फोनमा कुरा गर्दा, नाच्दा, ब्ल्याक एण्ड ह्वाइट टीभीमा गीत, गीताञ्जलि कार्यक्रम, फिल्म, आदि हेर्दा 'यस्ता कुराहरुबाट बच्चाहरु बिग्रिन्छन् भन्दै पाएको गाली, पिटाइ र निषेधको तीतोमीठो अनुभव ताजै हुनुपर्छ । धनी र ठूलाबडाका घरमा मात्र भएको टीभी हेर्न जाँदा पाएको अपमान र दुर्वचन पनि धेरैको भावनात्मक स्मृतिमा स्पष्टसँगै कोरिएका छन् । घडी, रेडियो, टीभी आदि खोलखाल गरेर हेर्नेहरुले भेटेको गोरु चुटाइको चोट त आलै होला । कामना, स्टारडस्टजस्ता फिल्मी पत्रिका त लगभग वर्जित नै थिए । असी र नब्बेको दशकमा जन्मिएकाहरुले चाहिँ हातमा र टीभीमा खेल्ने भिडियो गेम, रङ्गिन टीभी, तीन सय, चार सय र पाँच सय छयासीवाला कम्प्युटर आदिसम्म देख्ने र प्रयोग गर्ने सौभाग्य पाए ।

तर आत्मा साक्षी राखेर भनौं, के हामीले उपलब्ध यी सुविधाहरु कुनै न कुनै रुपले प्रयोग गरेनौं ? के गाली, कुटाइ र निषेधले हामीलाई छेक्यो ? अनि सबभन्दा महत्त्वपूर्ण प्रश्न– के हामी बिग्रीयौं ? त्यसो भए आज हामी के गर्दै छौं र गर्न खोज्दै छौं ? मनोवैज्ञानिकहरु भन्छन्, 'बच्चाहरुले जे भोग्छन्, पछि उसले समाजलाई त्यही दिन्छ, ब्याजसहित ।'

प्रसिद्ध विचारक तथा कवि रवीन्द्रनाथ टैगोर भन्छन्, 'आफ्ना बच्चाहरुलाई आफ्नो ज्ञानको दायराभित्र मात्र सीमित नराख । किनकि ऊ फरक युगमा जन्मिएको हो ।' तर, हरेक युगका अभिभावक पुस्ताले त्यही पुनरावृत्ति गर्दै आएको देखिन्छ । उसलाई आफूले भोगेको गौरवशाली, आफूले बुझेको सही, आफूले जानेको उत्तम र आफूले सोचेको अन्तिम लाग्ने रहेछ । सोच, खोज, आविष्कार र प्रयोगको सम्भावनालाई निषेध गर्ने शिक्षा र अभिभावकत्वको योभन्दा अन्धो र अदूरदर्शी तरिका के हुन सक्ला र ? तर, हामी ठीक त्यही गर्दै छौं । अब त नयाँ पुस्ताका लागि व्यवहारपरक र अनुसन्धानमूलक शिक्षाको विकासमा बहस गर्नुपर्ने संघीय सांसदरु पनि ज्यान फालेर यही काम गर्दै छन्, गर्वका साथ, छाती ठोकेर ।

### हिटल/को कला स्रोतः हिटलरको कला

यो फेरि नेपालको मात्र रोग भने पक्कै होइन, सिङ्गो मानव सभ्यता यसबाट ग्रसित छ । समुन्द्र, खेत, खोला र पोखरीहरुमा गएर विभिन्न साइजका समुन्द्री चिप्ले कीरा, पेन, भ्यागुताहरु समात्ने र संकलन गर्ने चार्ल्स डार्बिनको विकासवादी सम्भावना उनको स्कुल श्युरुस्वरीस्कुलका प्रिन्सिपल डा. सैमुएल वट्सनले देखेका भए विद्यालयमा डार्बिनले बिनाकाम गाली र अपमान सहनुपर्ने थिएन । त्यस्तै, थोमस एल्वा एडिसनभित्रको आविष्कारक र व्यावसायिक सम्भावना विद्यालय प्रशासनले चिन्न सकेको भए र उनलाई 'आडल्ड' वा सडेको दिमाग भएको भनेर लेबलिङ नगरेको भए उनकी आमाले उनलाई विद्यालयबाट निकालेर होमस्कुलिङ गर्नुपर्ने थिएन । त्यस्तै, महान्

**सिंङ लामा**

वैज्ञानिक अल्बर्ट आइन्सटाइनको सम्भावना विद्यालयले त के, बर्न विश्वविद्यालयका साइन्स डिन प्रोफेसर डा. विल्हेम्स हेइनरिचले मात्र पनि चिन्न सकेका भए पीएचडीको उनको निवेदन रद्दीको टोकरीमा फाल्ने थिएनन् । अनि चित्रकारको सपना बोकेको एडल्फ हिटलरको क्षमतालाई भियनाको एकेडेमी अफ फाइन आर्टले चिन्न सकेको भए उनी प्रवेश परीक्षामै दुईचोटि फालिने थिएनन् । सायद जर्मनीले ६० लाख यहुदीको नरसंहार तथा यो संसारले दोस्रो विश्वयुद्धको अभूतपूर्व क्षति भोग्नुपर्ने थिएन । हरेक अभिभावक पुस्ताले आफूलाई सर्वज्ञानी ठान्दै आएको छ र नयाँ पुस्ताको सम्भावनालाई कम आँक्ने मात्र होइन, कतिपय अवस्थामा घाँटी निमोठ्दै पनि आएको छ । हाम्रा पनि थुप्रै सम्भावनाहरु निमोठिएर जे-जति बचेका थियौं, त्यही हौं, त्यही बन्यौं र यस्तो भयौं, अनि देश पनि यस्तै बन्यो ।

### आखिर संसदको त्यो ब्याटल के हो ?

स्मरणीय छ, यस लेखले दलित समुदायबाट प्रतिनिधिसभामा समानुपातिक प्रतिनिधित्व गरेका सांसद आशाकुमारी विकलाई गलत साबित गर्न खाजेको बिल्कुलै होइन । उनी आफ्नो स्थानमा सही हुन सक्छिन् र उनको आवाज केवल उनको व्यक्तिगत आवाज मात्र नभएर छोराछोरीले पब्जी, फ्रिफायर आदिजस्ता ब्याटल रोयल गेमहरु खेलेर आजित अभिभावकहरुको चीत्कार हो र पुकार हो । एक अर्थमा यो पुरानो पुस्ता र नयाँ पुस्ताबीचको एक ब्याटल हो, जसले संघीय संसदसम्म स्थान पायो ।

यति भन्दै गर्दा सांसद आशाकुमारीद्वारा उठान भएको पुकार जतिसुकै सत्य र मर्मस्पर्शी भए पनि पुरानो पुस्ताले ब्याटल जित्यो भने नयाँ पुस्ताले के गुमाउँछन् र नयाँ पुस्ताले यो ब्याटल जित्यो भने पुरानो पुस्ताले के गुमाउँछन् भन्ने मूल प्रश्न हो । अनि यो लेखचाहिँ दुवैले मिलेर यो ब्याटललाई सही निष्कर्षमा कसरी पुर्‍याउने भन्ने विषयको चिन्तन हो ।

### वास्तविक समस्या के हो ?

खासमा समस्या नयाँ पुस्ताको शिक्षाप्रतिको वितृष्णा र विकर्षण हो ।



उनीहरु विभिन्न समस्याजन्य व्यवहारबाट अभिभावक पुस्तालाई यही भन्न खोज्दै छन् कि हामी तिमीहरुले सिकाउन खोजेको शिक्षा सिक्न चाहँदैनौं । तिमीहरुले जानेको कुरा हामीलाई सिक्नु छैन । किनकि त्यो हामीलाई काम लाग्दैन । तिमीहरुले गरेको जस्तो काम पनि गर्नु छैन । तिमीहरुको गौरवगाथा सुन्नु पनि छैन । तिमीहरुजस्तो बन्नु पनि छैन ।

फेरि नयाँ पुस्ताका लागि यो सजिलो र सम्भव छैन । किनकि उसलाई आफ्नो नयाँ युगको नयाँ संसारको अन्वेषण गर्नु छ र नयाँ संसारको निर्माण गर्नु छ । यसो भन्दैमा नयाँ पुस्ताका हरेक विद्रोह र गैरसंस्कारिक क्रियाकलाप जायज छन् भन्न खोजिएको पटक्कै होइन । त्यसभित्र अथाह सम्भावनाको साथमा थुप्रै जोखिम, अन्योल तथा विनाश पनि लुकेको हुन्छ । तर, निषेध र बहिष्करण यसको समाधान हिजो पनि थिएन, आज पनि छैन र भोलि पनि हुने छैन ।

### सम्भावनाको सीमा के हो ?

संसारभरि नयाँ पुस्ताले शिक्षाको औचित्य र प्रयोगमा प्रश्न गर्दै आएको छ । बिल गेट्सले हार्वर्ड विश्वविद्यालयको पढाइमा ध्यान नदिईकन साथीहरुसँग मिलेर विन्डोज बनाउँदै गर्दा उनलाई पनि अटेरी, अविवेकी र अज्ञानी भनिएकै थियो । तर, त्यसभित्रको सम्भावना न उनका शिक्षकहरुले देखेका थिए, न उनी आफैंले । सन् १९८५ मा सुरु भएको यो यात्राको आकार यति फैलिन्छ कि अहिले सन् २०२१ मा जनवरीदेखि जुलाई महिनासम्म ७ महिनामा मात्रै १७० विलियन अमेरिकी डलर (२०,००० अर्ब नेपाली रूपैयाँ) को ब्यापार गरेको छ । शिक्षालाई व्यावहारिक बनाउनुपर्छ र जीवनसँग जोड्नुपर्छ भन्ने फलाकेर हामी थाक्दैनौं तर आफ्नै सन्तानको जीवन दिन प्रतिदिन बदलेको चाहिँ किन देख्न सक्दैनौं ? हार्वर्डमै कम्प्युटर विज्ञान र मनोविज्ञान पढ्दै गर्दा रमाइलोका लागि फेसम्यास प्रोग्रामिङ गरेका मार्क जुकरबर्गको फेसबुक आविष्कारले पनि यस वर्षको मार्चसम्ममा अर्थात् तीन महिनामै २७ विलियन डलर (३२०० अर्ब नेपाली रूपैयाँ) कमाएको देखिन्छ । स्ट्यानफोर्ड विश्वविद्यालयमा अध्ययन गर्दै गर्दा कलेजको पढाइ ब्यावहारिक नदेखेर ह्याण्डराइटिङको तालिम लिएका स्टिभ जब्सले म्याकिन्तोस कम्प्युटर हुँदै आइप्याड र आईफोनसम्मको क्रान्ति गर्दा पनि विद्यमान शिक्षाविरुद्ध विद्रोह भएकै छ । तसर्थ, नयाँ पुस्ताको विद्रोह विनाश मात्र होइन, विकास र सम्भावनाको द्वार पनि हो । तर, नयाँ पुस्ताले बुझ्न जरुरी छ, सबै विद्रोहीहरु सफल हुँदैनन् । जोसँग सपना छ, लगन छ र धैर्यता छ, ऊ मात्रै सफल हुने हो । क्षणिक आवेश, असन्तुष्टि र आक्रोशको अन्त्य विनाशकारी हुन्छ ।

### के पब्जी र फ्रिफायर बच्चा बिगार्ने गेम मात्रै हुन् त ?

एक जापानी फिल्म ब्याटल रोयलबाट प्रभावित बहुचर्चित गेम 'पब्जी' आयरल्याण्डका डेभलपर ब्रेन्डेन ग्रीनले आफ्नो नेतृत्वमा बनाएर दक्षिण कोरियाको क्राफ्टन इन्कर्पोरेट्स (पब्जी कर्पोरेसन) मार्फत सन् २०१८ मा लञ्च गरेका हुन् । सेन्सरटावरका अनुसार यसले सन् २०२० मा दैनिक ७०४ मिलियन अमेरिकी डलर (८३ अर्ब नेपाली रूपैयाँ)को ब्यापार गरेको थियो ।

स्मरण रहोस्, यतिबेला हाम्रो देश नेपाल केवल ५०० मिलियन अमेरिकी डलर वा ५५ अर्ब रूपैयाँको एमसीसी नामको अमेरिकी सहयोग लिने कि नलिने भन्ने विषयमा विगत ३ वर्षदेखि हल्ला, विवाद र लडाइँ गर्दै छ । राष्ट्रवाद, राष्ट्रघात, साम्राज्यवाद, सैन्य हस्तक्षेप आदिको अन्त्यहीन विवादमा सरकार प्रमुखदेखि उपल्लो तहका विज्ञसम्मले दिनरात रडाको गर्दै छन् । ध्यानले हेर्नुहोस्, एमसीसीको यो सहयोग रकम पब्जीको सन् २०२० को १ दिनको कमाइभन्दा पनि धेरै सानो रकम हो । सन् २०२१ को मार्चसम्ममा पब्जीले ५०१ विलियन अमेरिकी डलर (९ हजार अर्ब नेपाली रूपैयाँ) को लाइफ टाइम ब्यापार गरिसकेको छ । याद रहोस्, आर्थिक वर्ष २०७८/७९ का लागि नेपालको कुल बजेट नै १,५०० अर्ब रूपैयाँभन्दा कम छ । एकचोटी इमानदार भएर सोचौं, नेपालले ब्रेन्डेन ग्रीनजस्ता २-४ जना डेभलपरहरु मात्र उत्पादन गर्न सकेको भए देशको स्थिति कहाँबाट कहाँ पुग्थ्यो ? कल्पना गर्न सक्छौं ? अहँ, सायद सक्दैनौं । किनकि हामीलाई त यही भनेर जिल्नु छ– 'पब्जीले बच्चाहरु मात्र होइन, अभिभावकहरुलाई समेत बिगार्छ, भोलि गएर मानसिक अस्पतालको अभाव हुन्छ' । अझ केही शिक्षाकर्मीहरु त 'पब्जी र फ्रिफायरको विरोध गर्दा पश्चगामी भइन्छ भने सहर्ष स्वीकार्य छ, कलंकित भइन्छ भने त्यो पनि स्वीकार्य छ' भन्ने भावमा विचार सम्प्रेषण गर्दै छन् । यसरी त हामी सायद एक पुस्ताका बच्चाबच्चीहरुलाई त बलजफ्ती हराऔंला, हामी जितौंला पनि तर अथाह सम्भावनाले हार्नेछ, हामी होइन, सिङ्गो मुलुक पश्चगामी हुनेछ । यो देशलाई जिताउनु छ भने भावी पुस्तालाई हराएर हैन, उनीहरुलाई विजेता बनाएर मात्र सम्भव छ । त्यस्तै, सन् २०१७ मा लञ्च भएको अर्को ब्याटल रोयल गेम 'फ्रिफायर'को कुरा गर्ने हो भने गुरुगेमरका अनुसार सन् २०२० मा ३९५ मिलियन डलर (४६ अर्ब नेपाली रूपैयाँ) कमाएको यस गेमले सन् २०२१ को मे महिनामा दैनिक १.९ मिलियन डलर (२३ करोड नेपाली रूपैयाँ) को ब्यापार गरेको देखिन्छ । यो पनि ब्याटल रोयल गेमका उत्कृष्ट पाँच गेमहरुमा पर्न सफल छ ।

### अब के खुल्लमखुल्ला गेम खेल्न दिएर समाधान हुन्छ त ?

अहँ, हुँदैन । ईस्पोर्टस्को रुपमा जरो गाड्दै आएका यी र यस्तै गेमहरुलाई जति मन लाग्छ, त्यति खेल्न दिएर सम्पूर्ण समाधान निस्कन्छ भनेर सोच्नु पनि महामूर्खता हो । किनकि कुनै पनि गेमको नशा हुन्छ । यसले मान्छेको समय व्यवस्थापन चौपट बनाएर लक्षबाट विमुख बनाउन सक्छ र सिङ्गो समाज र देशको उत्पादकत्व तथा सम्भावना क्षीण बनाएर अपांग बनाउन सक्छ । नेपालबाट सन् २०२० को नोभेम्बरमा एएसएल पब्जी टिमले पीएमपीएल साउथ एसिया टाइटल जितेर ४७ लाख नगद पुरस्कार प्राप्त गरेको थियो भने डीआरएस टिमले फस्ट रनर अप भएर २३ लाख नगद पुरस्कार जितेको थियो ।

### खेल्न दिने कि नदिने त ?

यस्ता प्रविधिजन्य सामग्रीलाई दुई उद्देश्यका लागि उपयोग गर्नुपर्छः

१. उत्प्रेरकको रुपमा : यस्ता प्रविधिजन्य सामग्रीलाई अभिभावकको संलग्नता तथा निगरानी र शिक्षक-शिक्षिकाहरुको विशेषज्ञ मार्गदर्शनमा सिकाइ उत्प्रेरकको रुपमा प्रयोग गर्न सक्नुपर्छ । अब अभिभावक तथा शिक्षाकर्मीहरुको प्रश्न आउँछ, यो उमेरमा गेम सिक्नु ? बिल्कुल हो त हजुर । बालबच्चा र शिष्यको लागि जे पनि गर्न तयार छौं भन्दै आएका हामी यति गर्न सक्दैनौं र ? कि चाहँदैनौं ? ड्राइभिङ स्कुल खोल्नु छ भने प्रशिक्षकलाई गाडी चलाउन आउनैपर्छ नि । अहिले प्रशिक्षकबिना सिक्दै छन्, र त दुर्घटनाको सिकार पनि हुँदै छन् ।

२. आविष्कारको सम्भावनाका लागि : स्वभावतः यस्ता गेमहरुप्रति आकर्षित केही बच्चाहरुमा यस्तै गेम अथवा प्रविधि आविष्कार गर्न सक्ने तीक्ष्ण क्षमता अन्तर्निहित हुन्छ ।

बाँकी ४ पेजमा

## आजको राशिफल

हाम्रो पात्रोबाट साभार

**मेष** :- आज रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । परिवारजनको साथले नयाँ आशा पलाउनेछ । प्रेम र मित्रताको बन्धनमा रमाउने समय पनि छ ।

**वृष** :- आज चिताएको कामले तीव्रता लिनेछ । सामाजिक क्षेत्र र नोकरीबाट मानसम्मान मिल्नेछ । परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइनेछ ।

**मिथुन**:- आज एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ । नोकरी गर्नेले मानसम्मान पाउने छन् । छोटो यात्राको सम्भावना पनि रहेको छ ।

**कर्कट** :- आज अध्यापनको क्षेत्रमा प्रगतिको खबर सुन्न पाउनु हुनेछ । आजको दिन हाँसखेल र मनोरञ्जनपूर्ण समय हो । पारिवारिक सुख पनि मिल्नेछ ।

**सिंह**:- विचार पुर्याएर निर्णय लिनु राम्रो होला । मनमा दोधारको अवस्था सिर्जना हुनसक्छ । दाम्पत्य जीवनमा एक किसिमको निरसता आउन सक्छ ।

**कन्या** :- शुभारम्भको चर्चा चल्नेछ । भौतिक साधन जुटाउने समय छ । व्यवसायको सन्दर्भमा रमाइलो यात्रा होला । अतिथिको रुपमा सत्कार पाइएला ।

**तुला** :- अनुहारमा कान्ति र मनमा शान्ति छाउनेछ । शुभकार्यको चर्चा चल्नेछ । बन्दव्यापार र पेसाव्यवसायका क्षेत्रमा उन्नति प्रगतिको वातावरण बन्नेछ ।

**वृश्चिक** :- विवाद र प्रतिस्पर्धामा सफलता मिल्नेछ । धार्मिक र सांस्कृतिक सभासमारोहमा सरिक हुने सम्भावना छ । आधुरा कामसमेत सम्पादन हुनसक्छ ।

**धनु** :- अधिकार प्राप्तिका लागि गरिएको प्रतिस्पर्धामा विजयी भइनेछ । बुद्धिको उपयोग गर्नाले जटिल ठानिएको कामसमेत सम्पादन हुन सक्छ ।

**मकर**:- आज रोकिएका काम पुनः सुरु हुन सक्छन् । जग्गाजमिनको कारोबारबाट राम्रो फाईदा हुनेछ । न्यायिक कार्यमा सफलता मिल्न सक्छ ।

**कुम्भ**:- दबाब र तनाव बढेको महसुस हुनेछ । महत्त्वपूर्ण अवसर गुम्न सक्नेछ । सन्तानपक्षको मायामा कमी आउनेछ । यात्रामा सावधानी अपनाउनु पर्नेछ ।

**मिन** :- आज रमाइलो यात्राको सम्भावना छ र त्यसबाट दीर्घकालिक फाइदा पुग्नेछ । लामो समयदेखि रोकिएका अधुरा कामहरु पूरा हुनेछन् ।

# नेपाली कांग्रेसका एक दर्जन महामन्त्रीका दावेदारमध्ये को को छन् दौडमा अगाडी ?

डा.विजयप्रसाद मिश्र

निर्वाचनमा उम्मेदवार हुने सबैले जित्ने कुरै आउँदैन । नेपाली कांग्रेसको १४ औं महाधिवेशन भदौ १८ गतेबाट विभिन्न चरणमा शुरू भई मंसिर १३ गतेसम्म चल्ने तय भएको छ । यो महाधिवेशनमा एक दर्जन महामन्त्रीका उम्मेदवारहरू उम्मेदवार हुने दौडमा छन् । सबैले कुनै गुटबाट टिकट पालाउन भन्ने पनि छैन । जसले गुटबाट पाउँछन् उसले जतिहाल्छ भन्ने पनि छैन । तर एउटा कुरा सत्य हो १४ महाधिवेशनले दुई महामन्त्रीलाई विजयी बनाउने छ ।

अहिले निर्वाचित महामन्त्री डा शशांक कोइराला र मनोनित महामन्त्री पूर्णबहादुर खड्का रहेका छन् । नेपाली कांग्रेसको संशोधित विधानले १४ औ महाधिवेशनमा दुईजना महामन्त्रीहरू निर्वाचनबाट विजयी भएर आउनु पर्ने बाध्यात्मक व्यवस्था गरेको छ । महामन्त्री हुन चाहनेहरूले घोषणा गरेर, मिडियामा अन्तर्वार्ता दिएर आआफ्नो दावी गरिरहेका छन् ।

अहिले निर्वाचित महामन्त्री डा शशांक कोइराला र मनोनित महामन्त्री पूर्णबहादुर खड्का रहेका छन् । नेपाली कांग्रेसको संशोधित विधानले १४ औ महाधिवेशनमा दुईजना महामन्त्रीहरू निर्वाचनबाट विजयी भएर आउनु पर्ने बाध्यात्मक व्यवस्था गरेको छ । महामन्त्री हुन चाहनेहरूले घोषणा गरेर, मिडियामा अन्तर्वार्ता दिएर आआफ्नो दावी गरिरहेका छन् ।

सबैभन्दा पहिले सोमबार गगन थापाले आफू महान्त्रीमा उठ्ने घोषणा गरेका छन् । थापाले घोषणा गरेको भोलीपल्टै प्रदीप पौडेलले पनि महान्त्री पदमा दावी गरेका छन् । हुन त दुई जना महामन्त्रीमा उठ्न पाइने भएकोले गुरू थापा र चेला पौडेल दुबैले उठ्न खोज्नुलाई सामान्य रूपमा नै लिनु पर्दछ । तर गहन रूपमा मन्थन गर्ने हो भने पौडेलको उम्मेदवारीको घोषणा गगन थापाको लागि पहिलो गाँसमै ढुङ्गा भएको छ ।

गगन थापाले प्रदीप पौडेलसंग सल्लाह नगरी आफ्नो उम्मेदवारी घोषणा गरेकोले पौडेल विच्किएका पनि हुन सक्दछन् । होइन भने यसपटक उम्मेदवार बन्ने हल्ला गर्ने र अन्त्यमा गएर सहमहामन्त्रीमा प्रतिस्पर्धा गर्ने सोच पनि हुन सक्दछ, पौडेलको ।

थापा र पौडेलकोको उम्मेदावरी घोषणाले १३ औं महाधिवेशनको झझल्को गराएको छ । ज्वाई - ससुरा दुबै महामन्त्रीमा उठेका थिए । अर्थात ज्वाई गगन र ससुरा अर्जुन नरसिंह केसी दुबै महामन्त्रीमा उठे, तर दुबै ढले । ज्वाई–ससुरामध्ये एकमात्र उठेको भए अर्कै सन्देश जाने थियो । १४ महाधिवेशनमा फेरी गुरू-चेला हुन खोज्दैछ । गगन र प्रदीपबीच ज्वाई- ससुराजस्तो परिणाम नआओस ।

शुभेच्छुकहरूले त यति मात्र भन्न सक्दछन्, चेला प्रदीप एक पटक गुरू गगनलाई जिताउन अघि बढ् । बरू सहमाहामन्त्री बन, या अर्को पटकका लागि महामन्त्रीको फिल्ड बनाऊ । गगनले उनी प्रति विद्यार्थी राजनीतिमा गरेको सहयोगलाई यति छिटो नविर्स । हुन त राजनीतिमा कोही पनि स्थायी शत्रु र मित्रु हुदैन भन्ने गरिन्छ । त्यस्तै हो भने प्रदीपलाई के नै भन्न सकिन्छ र । भीरबाट लडन आटेको को नि केलाई राम राम भन्न सकिन्छ काँध धाम्न सकिन्न भन्थे, गगनले पनि प्रदीपलाई त्यसै गर्नु पर्ने हो त



रू उम्मेदारी दिने दिनले नै यसबारेमा थप रणनीति उजागर हुने छ ।

उता शेर बहादुर देउवा खेमाबाट महामन्त्रीमा उम्मेदवारी दिने मध्ये बालकृष्ण खाँड सबैभन्दा हेवीवेट बाला उम्मेदार भनिदैछ । पञ्चायत विरूद्ध आन्दोलनको तयारी गर्नै लाग्दा नेविसंघको केन्द्रिय अध्यक्ष रहेका बालकृष्ण खाँडले वि।सं। २०४५ सालमा बीरगञ्जमा नेपाल विद्यार्थी संघको नेता कार्यकर्ताहरूलाई भेट्दा नेपालको २०४७ सालको क्यालेण्डरमा पञ्चायत रहने छैन भनेका थिए । आखिर त्यस्तै भयो । चैत मासन्त हुनु अघिनै पञ्चायत व्यवस्थाको मृत्यु भएको थियो । अर्थात खाँडको भविष्यबाणी मिलेको थियो ।

नेविसंघमा विभिन्न मितिमा केन्द्रिय अध्यक्ष भएकाहरूकै पालो हो सहमहामन्त्री र महामन्त्री हुने । तर भाइले दाइको पालो मिच्नु भएन । अहिले देउवा खेमाको भनेर चिनिएका बालकृष्ण खाँड, ज्ञानेन्द्र बहादुर कार्की, एनपी साउद, विश्वप्रकाश शर्मा महामन्त्रीको दौडमा छन् । यी मध्ये दुईलाई मात्र उठाउनु पर्ने बाध्यता शेरवहादुर देउवालाई छ ।

बालकृष्ण त पक्का पक्कि नै हुन् । अहिले सहमहामन्त्री रहेका प्रकाशशरण महत, प्रवक्ता विश्वप्रकाश शर्मा, केन्द्रीय सदस्य रमेश लेखक र एनपी साउद, ज्ञानेन्द्रबहादुर कार्कीमध्ये एकजनालाई चुन्दा भौगोलिक सन्तुलन मिलाउन शेरबहादुर देउवा बाध्य हुनेछन् । यसले पश्चिममा खाँड र पूर्वबाट कार्की नै अन्तिम छनौटमा पर्ने सम्भावना देखिन्छ । तर देउवा पक्षबाटै फुटेर आफू सभापतिमा उठ्ने भनेर चुनाव प्रसार प्रसार गर्ने कार्यालय नै खोलिसकेका बिमलेन्द्र नीतिले आफ्नो पक्षबाट कसलाई महामन्त्रीको उम्मेदवार बनाउँछन् त रू देउवाले च्वाइस गरेर बाँकी रहेकालाई आफ्नो उम्मेदवार बनाउने हुन कि वा उनको कार्यालय उद्घाट्न शत्रमा पुगेका चन्द्र भण्डारी पनि महामन्त्रीकै दावेदार त हुन तर उनको केमेस्ट्री बिमलेन्द्रसंग मिल्दैन । भुतले खाजा खानेबेलामा चन्द्र भण्डारी बिमलेन्द्र निधीको कार्यालय उद्घाटन समारोहमा गए, यसले उनलाई न घरको न घाटको बनाउन सक्ने वा सबैले शंकाको घेरामा राख्न थालेका छन् । जतिसुकै शंका गरेपनि चन्द्रभण्डारी महामन्त्रीमा उम्मेदवारी दिन योग्य उम्मेदवार भने हुन ।

सुशिल कोइराला नजिक देखिएका चन्द्र भण्डारी यसपटक कोइराला खेमाबाट महामन्त्रीको उम्मेदवार बन्न खोजे पनि हुन दिने स्थिति छैन । त्यसले गर्दा बाटो क्लियर बनाउन समेत बिमलेन्द्र निधीको कार्यक्रममा आएर अप्रत्यक्ष रूपमा समर्थनको संकेत दिएको अथवा कतै नभए यतै ठीक भनेर मन भित्र भित्रै रणनीति बनाएका हुनसक्छन् । वा कोइराला परिवारका तर्फबाट निधीलाई होस्टेमा हैसे गर्ने पात्र बनाइएको पनि हुन सक्छ, भण्डारीलाई । बिमलेन्द्र निधीले महामन्त्रीमा उठाउन सक्ने अर्को मधेसका नेता पर्सा जिल्लाका नेपाली कांग्रेसका सभापति अजय दुवेदी पनि छन् । आफू सभापतिमा उठने घोषणा गर्दा एकजना पनि महामन्त्रीको उम्मेदारलाई अगाडी सार्न नसक्नु निधीको कमजोरी हो कि बाध्यता हो यो केही दिन पछि नै उजागर हुने नै छ ।

जहाँसम्म रामचन्द्र पौडेल वा कोइराला परिवारका कुनै एक व्यक्ति जस्तो कि डा. शेखर कोइराला सभापतिमा उठ्दा महामन्त्रीमा कोको हुन सक्दछन् त भन्ने पनि बहस गरौं । एकजना त गगन थापा नै शेरख कोइरालाको प्यानेलमा जाने सम्भावना छ । अर्को दावेदार मिनेन्द्र रिजाल पनि स्ट्रोङ्ग उम्मेदवार हुन ।

जहाँसम्म रामचन्द्र पौडेल वा कोइराला परिवारका कुनै एक व्यक्ति जस्तो कि डा. शेखर कोइराला सभापतिमा उठ्दा महामन्त्रीमा कोको हुन सक्दछन् त भन्ने पनि बहस गरौं । एकजना त गगन थापा नै शेरख कोइरालाको प्यानेलमा जाने सम्भावना छ । अर्को दावेदार मिनेन्द्र रिजाल पनि स्ट्रोङ्ग उम्मेदवार हुन । नेविसंघबाटै राजनीति गर्दै यहाँसम्म आइपुगेका रिजाललाई रामचन्द्र पौडेल खेमाको सबैले महामन्त्रीमा सर्वसम्मत मान्ने देखिन्छ । कोइराला परिवारले विराटनगरमा अरूको उदय हुन नदिनका लागि मिनेन्द्र रिजाललाई उम्मेदवार भएपनि बलिको बोको बनाउँछन् । यस्तो बेलामा रिजालले होश पुर्‍याएर कदम चाल्नु पर्दछ । रामचन्द्र पौडेल जुन ग्रूपमा लाग्दछन् त्यो ग्रूपबाट गगन थापा र मिनेन्द्र रिजाललाई महामन्त्रीको उम्मेदवारको रूपमा अगाडी बढाइएमा कसैले आश्चर्य नमान्दा हुन्छ । थापा र रिजाल दुबैको उम्मेदवारीलाई अमेरिकाले हरियोबत्ति बाल्ने पक्का पक्कि छ ।

त्यसैले विदेशी सहयता पनि उनीहरूलाई मिल्न सक्दछ । रिजालले त विदेशी पाहुनाहरूसंग कसरी बोल्ने र कसरी बस्ने भन्ने कुरा पनि कांग्रेसीहरूलाई ट्यूशन पढाउने गरेकाले उनलाई त महामन्त्री बनाउनु नै पर्ने देखिन्छ ।

तर जुन खेमाबाट उनी उठ्नुपर्ने बाध्यता त त्यो खेमा उनलाई उम्मेदावार त बनाउने तर जित्न नदिने रणनीतिमा जाने देखिन्छ । यसबारेमा थप विराटनगरको कांग्रेसको राजनीतिको विश्लेषणमा नै भनौला । अहिलेलाई यत्ति हो, साढेको जुधाईमा कोनी कसको मिचाई हुन्छ भनेजस्तै केही महामन्त्रीहरूको दावेदारहरूको चर्चा हुने, उम्मेदवारी पनि हुने तर उम्मेदवारको लागि उम्मेदवार भएको अर्थात डमी उम्मेदवार उठाएको जस्तो पनि हुने उत्तिकै सम्भावना छ । बरू प्रदीप पौडेल, सरिता प्रसाई, अजय दुवेदी, अमरेश सिंह, उमाकान्त चौधरी, एनपी साउद, विश्वप्रकाश शर्मा लगायतका नेताहरूले यसपटक सह महामन्त्री मै चित्त बुझाउनु पर्ने देखिएको छ । कसैले सहमहामन्त्री सानो पद लागेको अनुभुति गरेर महामन्त्रीमा उठ्न सक्नु हुन्छ तर त्यो त प्रक्रिया पुर्याउन वा रहर पुर्याउन उठेजस्तो हुने देखिन्छ ।

जहाँसम्म चन्द्र भण्डारीले महामन्त्री वा उपसभापति मध्ये एकमा उम्मेदवारी दिने बताएर आफूलाई उपसभापतिमा कम्फोर्टेबल हुनसक्ने आंकलन गरेको हुन सक्छ ।

यसरी नेपाली कांग्रेसको सभापतिका उम्मेदावरहरूले आफ्नो मात्र कुरा गरेर बसिरहेको देखिन्छ । महामन्त्री हेभीवेटको नहुँदा सभापति पद पनि गुम्न सक्छ भन्ने कुरा विशेष गरेर शेरबहादुर देउवा र डा शेखर कोइरालाले आजैदेखि बुझ्न आवश्यक छ ।

नेपाली कांग्रेसमा महामन्त्री हुनका लागि एक दर्जन उम्मेदवार भएपनि आखिर हुने भनेको गनन थापा, बालकृष्ण खाँड, मिनेन्द्र रिजाल, प्रकाश शरण महत र ज्ञानेन्द्र बहादुर कार्की मध्ये कै दुई हुन भन्ने कुरा नेपाली कांग्रेस भित्रको अहिलेको माहौलले देखाएको छ । यी प्रतिस्पर्धीमध्ये कसैलाई उपाध्यक्षमा त कसैलाई सहमहामन्त्रीमा सेटलमेन्ट गर्न सके पाइनल उम्मेदारीको सही व्यवस्थापन ठहरिने छ ।

## बलान ...

'कार्यालय, व्यापार र आफन्तको आउजाउ गर्न सिरहा( सप्तरी जानुपर्छ,' सोही ठाउँका श्यामयादवले भने, 'वर्षौपछि पुलबन्यो तर, उपयोग गर्न अझै कती दिन लाग्ने अतोपतो छैन्।' पुलवारि सवारी साधन राखेर वर्षामा पैदल हिडेर पारी जानुपरेको उनले सुनाए ।

सम्झौता अनुसार २०७८ असार १५ गते सम्ममा काम सम्पन्न गर्नुपर्ने थियो । काम सम्पन्न भएको दुई महिना बित्दा पनि सञ्चालनमा आउन सकेको छैन् । शर्मा एण्ड कम्पनी प्रा.लि.ले २४ करोड ६२ लाख ८३ हजारको लागतमा १२ स्पानको ४७० मिटर लम्बाई भएको उक्त पुल निर्माण गरेको हो ।

'सयमसीमा भित्रै हामीले काम सम्पन्न गरिसकेका छौं । पाईप कल्भर्टको व्याकफिलिङ मात्र बाँकी रहेका छ । हस्तान्तरणको प्रक्रियामा रहेको छ,' निर्माण कम्पनीका आयोजना प्रवन्धक डि.पी. भुसालले भने । यो पुलको शिल्यानाश २०६८ सालमै भएको थियो ।

निर्माणका लागि सरकार र शर्मा पप्पु जेभीबीच सम्झौता २०६८ फाल्गुन १५ गते भएको थियो । सुरूमा पप्पु कन्सटूक्सनले निर्माण गरेको थियो । ८ वर्ष सम्ममा पनि पुर्णता पाउन नसेकपछि ०७५ चैतमा पप्पु कन्सट्रक्सनको सट्टा लिड पार्टनर शर्मा एण्ड कम्पनीलाई जिम्मा दिइएकोमा कम्पनीले ०७८ असार १०गतेभित्रै काम सम्पन्न गरिसकेको भुषालले बताए । पुल निर्माण सम्पन्न भएपनि 'लोडटेस्ट' हुन बाँकी रहेको हुलाकी सडक आयोजना कार्यालय जनकपुरका साइट इन्जिनियर जयनाथ यादवले जानकारी दिए। लोडटेस्ट र पाईप कल्भर्टको व्याकफिलिङ सम्पन्न भएपछि हस्तान्तरण र उद्घाटन हुने उनले सुनाए । कार्यालयले पनि चाडैँ सञ्चालनमा ल्याउन प्रक्रिया बढाएको उनले सुनाए ।


## नगरवासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

बालविवाह, बहुविवाह र अनमेल विवाहलाई प्रश्रय नदिऔं, स्वस्थ समाजको निर्माण गरौं । जथाभावी रुख नकाटौं, वातावरणलाई स्वच्छ राखौं । घर वरिपरिको वातावरण सफा र स्वच्छ राखौं, रोगब्याधिबाट बचौं । फागुन देखि वैशाखसम्मको अवधि हावाहुरी बढी आउने समय हो । आगो बाल्दा सुरक्षित ठाउँमा मात्र बाल्ने, सलाई लाइटर, मट्टीटेल आदि ज्वलनशील वस्तु केटाकेटीले भेट्ने ठाउँमा नराखौं । केटाकेटीलाई जथाभावी आगो बाल्दा हुन सक्ने आगलागीका दुर्घटनाहरुबारे सम्झाई–बुझाई गर्ने र यस्ता कुराहरुबाट सजग रहन जनचेतना बढाउने कार्यमा सहयोग गरौं । गाउँपालिकालाई बुझाउनु पर्ने घर, जग्गा, मालपोत दस्तुर, व्यवसाय कर आदि समयमा नै बुझाऔं । घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं । सार्वजनिक जग्गा र सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं । आफ्नो घर–आँगनबाट उत्पन्न फोहरलाई व्यवस्थित गरौं । इजाजत पत्र लिएर मात्र व्यापार व्यवसायी गरौं तथा उपभोक्ता आचारसंहिता पालना गरौं । बालबालिकालाई काममा हैन विद्यालय पठाऔं । विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं । कृषिको व्यावसायीकरण गरौं । खाद्य सम्प्रभुत्व र आत्मनिर्भर गाउँपालिका निर्माणमा सहभागी बनौं । किसानलाई सम्मान गरौं । जैविक विविधतामा आधारित पर्यावरणीय कृषि पेशा अवलम्बन गरौं ।

| | |
|---|---|
| लहान नगरपालिका कार्यालय, सिरहा | कर्जन्हा नगरपालिका कार्यालय, सिरहा |
| मिर्चैया नगरपालिका कार्यालय, सिरहा | सुखिपुर नगरपालिका कार्यालय, सिरहा |
| कल्याणपुर नगरपालिका कार्यालय, सिरहा | धनगढीमाई नगरपालिका कार्यालय, सिरहा |
| गोलबजार नगरपालिका कार्यालय, सिरहा | सिरहा नगरपालिका कार्यालय, सिरहा |

# लहानका समिरले रचना गरेको हिन्दि गीतमा अशोक दर्जी आफ्नो आवाज भर्दै

**फिरोज शेख**

सिरहाको लहान नगर पालिका ५ का चर्चित युवा र चनाकार समिर खानले रचना गरेको हिन्दि गीतमा भाइरल गायक अशोक दर्जीले आफ्नो सुमधुर आवाज दिएका छन्। लहानको विभिन्न मिडियाहरूमा स्रोतको रूपमा निकै चर्चा बटुलेका खानले कतारको वैदेशिक यात्राको क्रममा थुप्रै मैथिली तथा नेपालि गीतहरू रचना गर्दै "अवको क्रममा उनले रचना गरेको हिन्दि गीत पनि चाडै बजारमा आउन लागेका छन्। यो गीत संगै सानै उमेरमा निकै चर्चा पाएका बाल गायक अशोक दर्जी र समिर खानको हिन्दि गीतमा एण्ट्रि हुदैछ।बिगतका समयमा नेपालि इण्डस्ट्रिका चर्चित संगीतकार र सुमधुर आवाजका धनि टंक बुढाथोकी ले ल्याएको ( मन बिनाको धन ठुलो कि




धन बिनाको मन ) मा आफ्नो आवाज दिएर अशोक दर्जी भाइरल बनेका थिए।सानै उमेर मा नै सुमधुर अवाज पाएका कारण उनि खुब चर्चामा आए र अहिले सम्म उनि टंक बुढाथोकी संगको सहकार्यमा धेर " वटा गितहरू गाए र आफै पनि सो भिडियोमा रही भूमिका खेले।टंक बुढाथोकी र अशोक दर्जी को केमिस्ट्रिले गर्दा नेपालि म्युजिक बजारमा मानौ एउटा नया जगतको नै सुरूवात भएको छ। उनीहरूको यो आत्मिय केमिस्ट्रि देखेर हिन्दि गित गाउने अवसर पनि प्रदान भएको छ। काजल भुजेलको लगानीमा निर्माण भइरहेको " मुझे तेरी याद आती हे माँ " बोलको हिन्दि गितका गीतकार समिर खान रहेका छन् भने संगीत टंक बुढाथोकी ,आवाज अशोक दर्जीको रहेको छ। डिआर सुजनको निर्देशनमा निर्माण भइर हेको यस गीतको म्युजिक भिडिओमा काजल भुजेल , जेनिस र जुलानको अभिनय रहेका छन्। गीतकार समिर खानका अनुसार यो गीत आउदो शुक्रबार भदौ १८ गते सार्वजनिक हुने भएको छ।

## सिरहाका ...

पदाधिकारीलाई चाडपर्व खर्च

जिल्लाका अन्य स्थानीय तहको तुलनामा बेरूजु, पेस्की रकम फर्स्योट नगर्नेमा अगाडि रहेको सिरहा नगरपालिकाको २० असार ०७४ मा भएको दोस्रो नगरसभाको निर्णयअनुसार नगर प्रमुख अशेश्वर यादवका लागि नगरपालिकाले मासिक २५ हजार रूपैयाँका दरले तीन लाख रूपैयाँ भुक्तानी दिएको छ । नगरपालिका कार्यालयबाट मुस्किलले दुई किलोमिटरको दूरीमा पर्ने सिरहा नगरपालिका( ८ महिसोथा गाउँ स्थायी घर रहेका नगरप्रमुख यादवलाई प्रदेश २ अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधासम्बन्धी ऐन, २०७५ अनुसार पालिका प्रमुखको आवासका लागि घरभाडा उपलब्ध गरउन मिल्ने व्यवस्था छैन । तर, दोस्रो नगरसभाको निर्णय नं. २० को आधारमा नगरप्रमुख यादवले तीन लाख रूपैयाँ ऐनमा व्यवस्था नभएको सुविधा लिएको प्रतिवेदनमा उल्लेख छ । ऐनमा चाडपर्व खर्चको व्यवस्था नभए पनि सो आ.व.मा नगरका एक सय १३ पदाधिकारीलाई १२ लाख ९३ हजार रूपैयाँ उपलब्ध गराइएको पाइएको छ । प्रतिवेदनमा प्रदेश कानुनमा उल्लेख नभएको उक्त सुविधा सञ्चित कोषमा दाखिला गर्नुपर्ने औंल्याइएको छ ।

**बेरूजुमा तीन पालिकाको प्रतिस्पर्धा**

भूगोल र जनसंख्याको आधारमा जिल्लाकै पहिलो र ठूलो लहान नगरपालिका, धनगढीमाई नगरपालिका र विष्णुपुर गाउँपालिका बेरूजुमा सिरहा नगरको पछिपछि छन् । महालेखापरीक्षकको प्रतिवेदनअनुसार लहान नगरको बेरूजु १९ करोड ३६ लाख १५ हजार रूपैयाँ र पेस्की सात करोड पाँच लाख ५९ हजार रूपैयाँ छ । लहान नगरले विभिन्न व्यक्ति तथा फर्महरूबाट असुल गर्नुपर्ने चार करोड ४९ लाख ४४ हजार रूपैयाँ, भुक्तानी दिइए पनि कागजात तथा प्रमाण नपुऱ्याइएको रकम ६ करोड ७४ लाख ७६ हजार रूपैयाँ र नियमित गर्नुपर्ने एक करोड ६ लाख ३६ हजार रूपैयाँ रहेको प्रतिवेदनमा उल्लेख छ । लहानसँगै जोडिएको धनगढीमाई नगरपालिकाको उक्त आ.व.मा बेरूजु १३ करोड ६२ लाख ३८ हजार, असुल गर्नुपर्ने एक करोड २५ लाख ४० हजार, चार करोड ९७ लाख ९१ हजार रूपैयाँको प्रमाण कागजात पेस गर्नुपर्ने, पेस्की चार करोड ४३ लाख ८० हजार र नियमित गर्नुपर्ने दुई करोड ९५ लाख २७ हजार रूपैयाँ रहेको प्रतिवेदनमा उल्लेख गरिएको छ ।

त्यस्तै, चोहर्वा(सिरहा सहायक सडक खण्डमा पर्ने विष्णुपुर गाउँपालिका पनि बेरूजुमा अगाडि छ । उक्त गाउँपालिकाको बेरूजु १४ करोड ३४ लाख ५० हजार रूपैयाँ, पेस्की एक करोड २८ लाख ६९ हजार रूपैयाँ छ ।

**तीन स्थानीय तहमा पेस्की शुन्य**

प्रतिवेदनअनुसार जिल्लाका अन्य स्थानीय तहको आठ लाखदेखि करिब सवा १४ करोड रूपैयाँसम्म पेस्की देखिएको भए पनि उक्त आ.व.मा जिल्लाका तीन स्थानीय तहले भने पेस्की शून्यमा झारेको प्रतिवेदनमा जनाइएको छ । सखुवानन्कारकट्टी गाउँपालिका, कल्याणपुर र कर्जन्हा नगरपालिकाको बेरूजु, असुलउपर गरिनुपर्ने, नियमित गर्नुपर्ने, प्रमाण कागजात पुऱ्याउनुपर्ने रकम भए पनि पेस्की रकम भने शून्य रहेको छ ।

## यातायात ...

आन्दोलनमा यहाँका स्थानीय राजनीतिक दलले पनि समर्थन दिएको मजदुरहरूको संघर्ष समितिको संयोजक शम्भु चौधरीले जनाएको छ । नेपाली कांग्रेस क्षेत्रिय सभापति अच्छमितलाल चौधरी, नगरसभापति सुनिल कुमार महतो, पूर्व नगर सभापति महेश चौधरी, नेकपा माओवादी केन्द्रका नगर सभापति विजय कुमार गुप्ता, नेकपा एकीकृत समाजवादीका सत्यनारायण यादव र जसपा नगर सभापति दिनेश महतोले संयुक्त रूपमा प्रेस विज्ञप्ती जारी गरेको छ । विज्ञप्तीमा प्रहरीले काउण्टरबाट जर्वजस्ती उठाएको सरसमान तुरून्त फिर्ता गर्न माग गरेका छन् । माग पुरा नभए थप आन्दोलन गर्ने उल्लेख छ । यस्तै राष्ट्रिय राजमार्ग अवरोध राखी सवारी साधनलाई जर्वजस्ती बस पार्कमा लग्ने कार्य गलत भएको जनाएको छ । राजमार्गको अवरोध हटाउन माग गरेको छ ।

## लहान ...

शनिबार हस्तान्तरण भयो,'लायन चक्रपानी दाहालले भने,'बाँकी रकम लायन्स कल्ब अफ लहान सिटी र लायन्स कल्ब चावहिलले सहयोग गर्नेछ ।'

सहयोग प्राप्त रकमको क्यान्सर केयर सेन्टरको लागि स्वास्थ्य उपकरणहरू खरिद गरिने अध्यक्ष अमात्यले जानकारी गराए । जसको लागि तीन सदस्यीय खरिद समिति छ । परियोजना संयोजकमा अमात्य, परियोजना प्रशासकमा लायन्स कल्बका निवर्तमान गर्भनर डाक्टर सुशिला मल्ल र अशोक अग्रवाल रहेका छन् । निर्णय गरेर उपकरण खरिद गर्ने अध्यक्ष अमात्यले सुनाए ।

'क्यान्सर सेन्टरलाई लहान नगरपालिकाले भवन उपलब्ध गराएको छ । त्यही उपकरण जडान गरी क्यान्सरको थप आधारभुत सेवाहरू सुरू गर्छौं,'अध्यक्ष अमात्यले भने,'क्यान्सर अस्पताललाई प्रदेश स्तरको रूपमा विकास गर्न नगरपालिकाले ८ विघा जग्गा पनि दिएको छ । त्यसमा भौतिक संरचना बनाउन प्रदेश र केन्द्र सरकारसँह हामी पहल गरिरहेका छौं ।' यसमा थप यहाँका सांसद, मन्त्री, जनप्रतिनिधि र स्थानीयवासीलाई सहयोग गर्न उनले आग्रह गरे ।

## पब्जी ...

परिवर्तन त अपरिहार्य छ । शिक्षाको विषयवस्तु र त्यसको अन्तर्वस्तु राज्यले बदल्नुपर्छ तर जुन किसिमले र जुन रफ्तारमा पाठ्यक्रम परिवर्तन गरिँदै छ, त्यसले नयाँ पुस्ताको चीत्कार र पुकार सम्बोधन हुने सम्भावना देखिँदैन ।

तसर्थ, तथ्यपरक रूपमा भन्नुपर्दा प्रचुर मात्रामा लजिकल–म्याथ, भर्वल– लिङ्गिवस्टिक, उचित मात्रामा बडिली–किनेस्थेटिक र अलिकति भिजुएल–स्पेसियल इन्टेलिजेन्स भएका विद्यार्थीहरू पहिचान गरेर यथोचित शिक्षा र व्यावहारिक मार्गदर्शन दिन सकिएमा पब्जी र फ्रिफायरजस्ता युगान्तकारी आविष्कारहरू नेपालमै पनि गराउन सकिने देखिन्छ । तसर्थ, निषेध होइन, निगरानी गरौं, विरोध होइन, विवेक प्रयोग गरौं ।

शिक्षामा परिवर्तन चाहिन्छ ?

चाहिन्छ, शतप्रतिशत चाहिन्छ । छिमेकी मुलुक भारतको नयाँ शिक्षा नीतिले कक्षा ६ देखि नै कम्प्युटर कोडिङ कोर्स र इन्टर्नसिपसहितको पेसागत शिक्षा राखेको छ । '३४ वर्षपछि विद्यमान सिष्टमलाई पूरै फर्म्याट गरेर शिक्षाको नयाँ सिष्टम इन्सटल गरिएको' अर्थमा लिइएको भारतको यो शिक्षा नीतिले लहडका भरमा यो गरेको हो, विश्वव्यापी सन्दर्भ र उछाललाई पत्रेको हो । त्यसै पनि भारत विज्ञान, प्रविधि र आईटीमा विश्वस्तरमा प्रगति गर्दै छ । सिङ्गो विश्व डाटा साइन्स, कम्प्युटर साइन्स र आईटीको अत्यन्त गतिशील सिकाइमा होमिएको छ ।

सानै उमेरदेखि पाइथन, एसक्यूएल, मेसिन लर्निङ, आर्टिफिसियल इन्टेलिजेन्स, डाटा एनालिटिक्स, रोबोटिक्स, जावा, सिप्लस्प्लस्, ब्लकचेन, वेब डेभलपमेन्ट, साइबर सेक्युरिटी, एथिकल ह्याकिङ आदिजस्ता कुराहरूको शिक्षा र तालिम दिँदै नयाँ पुस्तालाई अन्प्रेडिक्टेबल भविष्यका लागि तयार गर्दै छन् तर हाम्रो शिक्षामा के छ ? नयाँ पुस्ताको भावना र भाषा कहीं कतै छ ? हामी के सिकाउँदै छौं ? हामी शिक्षाकर्मीलाई र अभिभावकलाई उनीहरूले सिक्न खोजेको के आउँछ र सिकाउने ? मोबाइल, ल्यापटप, आदि बिग्रिँदा बच्चासँगै सिकाइमाग्ने पुस्ताले के, किन र कसरी सिकाउने ?शिक्षालाई व्यावहारिक बनाउनुपर्छ र जीवनसँग जोड्नुपर्छ भन्ने फलाकेर हामी थाक्दैनौं तर आफ्नै सन्तानको जीवन दिन प्रतिदिन बदलेको चाहिँ किन देख्न सक्दैनौं ? हामीले सिकेर हाम्रो आफ्नै जीवनमा पनि कहिल्यै प्रयोगमा नआएको शिक्षा किन जबर्जस्ती लादिरहेका छौं ? यही हो, हामीलाई हाम्रो शिक्षाले दिएको ज्ञान चक्षु र तेस्रो आँखा ? यही हो हाम्रो न्याय ?त्यसैले परिवर्तन त अपरिहार्य छ । शिक्षक वाहक हो, उसले यी सबै त बदल्न सक्दैन तर ज्ञान र सिकाइको निर्माण तथा संरचनाको तरिका भने अवश्य बदल्न सक्छ । आशा गरौं, हाम्रो आफ्नो निमोठिएजस्तै हामीले नयाँ पुस्ताको सम्भावनाको घाँटी निमोठ्ने छैनौं । साभार शिलालेखपत्र


## गाउँपालिकावासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

**बालविवाह, बहुविवाह र अनमेल विवाहलाई प्रश्रय नदिऔं, स्वस्थ समाजको निर्माण गरौं । जथाभावी रुख नकाटौं, वातावरणलाई स्वच्छ राखौं । घर वरिपरिको वातावरण सफा र स्वच्छ राखौं, रोगब्याधिबाट बचौं । फागुन देखि वैशाखसम्मको अवधि हावाहुरी बढी आउने समय हो । आगो बाल्दा सुरक्षित ठाउँमा मात्र बाल्ने, सलाई लाइटर, मट्टीटेल आदि ज्वलनशील वस्तु केटाकेटीले भेट्ने ठाउँमा नराखौं । केटाकेटीलाई जथाभावी आगो बाल्दा हुन सक्ने आगलागीका दुर्घटनाहरुबारे सम्झाई–बुझाई गर्ने र यस्ता कुराहरुबाट सजग रहन जनचेतना बढाउने कार्यमा सहयोग गरौं । गाउँपालिकालाई बुझाउनु पर्ने घर, जग्गा, मालपोत दस्तुर, व्यवसाय कर आदि समयमा नै बुझाऔं । घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं । सार्वजनिक जग्गा र सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं । आफ्नो घर–आँगनबाट उत्पन्न फोहरलाई व्यवस्थित गरौं । इजाजत पत्र लिएर मात्र व्यापार व्यवसायी गरौं तथा उपभोक्ता आचारसंहिता पालना गरौं । बालबालिकालाई काममा हैन विद्यालय पठाऔं । विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं । कृषिको व्यावसायीकरण गरौं । खाद्य सम्प्रभुत्व र आत्मनिर्भर गाउँपालिका निर्माणमा सहभागी बनौं । किसानलाई सम्मान गरौं । जैविक विविधतामा आधारित पर्यावरणीय कृषि पेशा अवलम्बन गरौं ।**

| | |
|---|---|
| बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा | अर्नमा गाउँपालिका कार्यालय, सिरहा |
| नवराजपुर गाउँपालिका कार्यालय, सिरहा | भगवानपुर गाउँपालिका कार्यालय, सिरहा |
| लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा | औरही गाउँपालिका कार्यालय, सिरहा |
| सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा | विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा |
| | नरहा गाउँपालिका कार्यालय, सिरहा |





लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, सल्लाहकार सम्पादक : उद्धव हमाल, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र प्र. चौधरी
कार्यालय :लहान नगरपालिका–१०, सिरहा फोन नं. ०३३५६४९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)